# बागमती  गाउँपालिकाकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०८२

**प्रस्तावनाः**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, जनप्रतिनिधी, विपयगत शाखा तथा वडा कार्यालयहरुलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यलाई पारदर्शी बनाउनका आवश्यक देखिएकोले बागमती गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस मापदण्डको नाम बागमती  गाउँपालिकाका पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०८२ रहेको छ ।

ख यो मापदण्ड गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा

क. बागमती  गाउँपालिका भन्नाले गाउँपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ख. कर्मचारी भन्नाले गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई जनाउछ ।

ग. जनप्रतिनिधी भन्नाले गाउँसभा सदस्य लाई जनाउछ ।

घ. विषयगत शाखा भन्नाले गाउँपालिकाको कार्यालय अन्तर्गतको शाखा लाई जनाउँछ ।

ङ. वडा कार्यालय भन्नाले बागमती  गाउँपालिकाको ७ वटै वडाका वडा कार्यालयलाई जनाउछ ।

**३. पुरस्कार तथा सम्मानका लागी कर्मचारी छनौटका आधारहरुः**

क. नेतृत्व क्षमता

ख. बहस गर्ने सिप

ग. दक्षता र व्यवसायिक क्षमता

घ. श्रृजनशिलता र नविन अभ्यास प्रतिको अग्रसरता

ङ. सामुहिक कार्यमा संलग्नता

च. अघिल्लो आर्थिक वर्षको कार्यक्रममा प्राप्त गरेको प्रतिफल र प्रभावकारीता

छ. समय पालना र अनुशासन

**४. पुरस्कारका लागी छनौट गरीनेः**

क. दफा ३ बमोजिमका सूचकका आधारमा प्रत्येक आर्थिक वर्षको पहिलो गाउँ कार्यपालिकाको बैठकद्धारा गाउँपालिकाका कर्मचारी जनप्रतिनिधी विषयगत शाखा र वडा कार्यालयलाई छनौट गरिनेछ ।

ख. पुरस्कार तथा सम्मानका लागि प्रदान गरिने प्रमाणपत्र, जिन्सी तथा नगद गाउँ कार्यपालिका बैठकले निर्धारण गर्नेछ।

ग. सर्वोत्कृष्ट कर्मचारी जनप्रतिनिधी विषयगत शाखा र वडालाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची २ र अनुसूची ३ बमोजिम हुनेछ।

घ. गाउँपालिकामा कम्तीमा २ वर्ष कार्य गरेको र दफा ३ बमोजिमको सूचकमा अनुसूची १ बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने कर्मचारीलाई सर्वोत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिनेछ ।

ङ. गाउँपालिकामा कम्तीमा १ वर्ष कार्य गरेको र दफा ३ बमोजिमको सूचकमा अनुसूची १ बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिनेछ ।

च. गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजनाहरु कम्तीमा ९० प्रतिशत भन्दा बढी योजना सम्पन्न गरी उच्चतम प्रतिशत प्राप्त गर्ने वडालाई सर्वोत्कृष्ट वडाको रुपमा सम्मान गरिनेछ ।

छ. गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजनाहरु कम्तीमा ८० प्रतिशत भन्दा बढी योजना सम्पन्न गरी उच्चतम प्रतिशत प्राप्त गर्ने वडालाई उत्कृष्ट वडाको रुपमा सम्मान गरिनेछ ।

ज. उपदफा च बमोजिम सर्वोत्कृष्ट भएको वडाको वडा अध्यक्षलाई सर्वोत्कृष्ट जनप्रतिनिधिको रुपमा सम्मान गरिनेछ ।

झ. उपदफा छ बमोजिम उत्कृष्ट भएको वडाको वडा अध्यक्षलाई उत्कृष्ट जनप्रतिनिधिको रुपमा सम्मान गरिनेछ ।

ञ. गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका कार्यक्रमहरु मध्ये कम्तीमा ९० प्रतिशत भन्दा बढी कार्यक्रम सम्पन्न गरी उच्चतम प्रतिशत प्राप्त गर्ने विषयगत शाखा लाई सर्वोत्कृष्ट शाखाको रुपमा सम्मान गरिनेछ ।

ट. गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका कार्यक्रमहरु मध्ये कम्तीमा ८० प्रतिशत भन्दा बढी कार्यक्रम सम्पन्न गरी उत्कृष्ट प्रतिशत प्राप्त गर्ने विषयगत शाखा लाई उत्कृष्ट शाखाको रुपमा सम्मान गरिनेछ ।

**५. संशोधन वा खारेज गर्न सक्नेः**

बागमती गाउँ कार्यपालिकाले आवश्यक ठानेको खण्डमा मापदण्ड शंशोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूची १

# उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी सूचक र अङ्कभार तालिका

| क्र.सं. | कर्मचारीको नाम थर / शाखा | सूचक | | | | | | | कूल प्राप्ताङ्क ७० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेतृत्व क्षमता १० | बहस गर्ने सिप १० | दक्षता र व्यवसायिक क्षमता १० | श्रृजनशिलता र नविन अभ्यास प्रतिको अग्रसरता १० | सामूहिक कार्यमा संलग्नता १० | अघिल्लो आर्थिक वर्षको कार्यक्रममा प्राप्त गरेको प्रतिफल र प्रभावकारीता १० | समय पालना र अनुशासन १० | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोट — सूचकहरुमा अङ्कभार प्रदान गर्दा उत्कृष्टलाई ६-१०, मध्यमलाई ४-६ न्यूनलाई ०-४ अङ्क प्रदान गरिनेछ ।

अनुसूची २

## उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी र जनप्रतिनिधी लाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

**बागमती गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**भट्टेडाँडा, ललितपुर**

**बागमती प्रदेश, नेपाल**

## प्रमाणपत्र

बागमती गाउँकार्यपालिकाको मिति ............................. को निर्णय अनुसार गाउँपालिकाका कर्मचारी/जनप्रतिनिधि तपाई श्री ....................................... लाई यहाँले गाउँपालिकाको कार्य सम्पादनमा पुर्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याँकन गर्दै आ.ब. ............. को सर्वोत्कृष्ट/उत्कृष्ट कर्मचारी/जनप्रतिनिधि को पुरस्कार सहित स धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएकोछ तपाईको उत्तरोत्तर प्रगती एवं उज्जवल भविश्यको कामना गर्दछौं ।

| | |
|---|---|
| ............................... | ................................... |
| कार्यालय प्रमुखको नाम थर | गाउँपालिका अध्यक्षको नाम थर |
| पद | पद |

अनुसूची ३

## उत्कृष्ट तथा सर्वोत्कृष्ट विषयगत शाखा र वडा कार्यालय लाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

**बागमती गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**भट्टेडाँडा, ललितपुर**

**बागमती प्रदेश, नेपाल**

## प्रमाणपत्र

बागमती गाउँकार्यपालिकाको मिति ............................. को निर्णय अनुसार गाउँपालिकाका ....................... शाखा/वडा कार्यालय लाई गाउँपालिकाको कार्य सम्पादनमा पुर्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याँकन गर्दै आ.ब. ............. को सर्वोत्कृष्ट/उत्कृष्ट शाखा/वडा कार्यालय को पुरस्कार सहित स धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएकोछ । साथै आगामी वर्षहरुमा त्यस शाखा/वडा बाट कार्य सम्पादनमा अझ थप योगदान पुर्याउनु हुनेछ भन्ने विश्वास गर्दछौं ।

| | |
|---|---|
| ................................ | .................................... |
| कार्यालय प्रमुखको नाम थर | गाउँपालिका अध्यक्षको नाम थर |
| पद | पद |